


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५७ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३० अंक १ | साउन – असोज २०७९ | Year 30 Vol 1 | Aug. 2022 - Oct. 2022

# ७७ जिल्लाका सबै सदरमुकाममा पुग्यो राष्ट्रिय वाणिज्य बैंक

**काठमाडौं, २ कात्तिक**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड देशको सातै प्रदेशको ७७ वटै जिल्ला सदरमुकाममा पुगेको छ । सर्लाही जिल्लाको मलंगवा न.पा.वडा न.९ स्थित शाखा कार्यालय मलंगवा विस्तार गरी कारोबार शुभारम्भ भएपछि ७७ जिल्लाका सबै सदरमुकाममा बैंकको सेवा पुगेको हो । वाणिज्य बैंकहरुमध्ये सात प्रदेशको ७७ जिल्लामा पुगी राष्ट्रिय वाणिज्य बैंकले यस अघि नै पहिलो बैंकको रुपमा बैकिङ्ग पहुँच पुऱ्याई रहेको छ ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

नेपाल सरकारको स्वामित्व रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व.२०७८/७९ को चौथो त्रैमाससम्ममा बैंकले रु. ५ अर्ब २१ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ । २०७९ आषाढ मसान्तमा बैंकको ग्राहक निक्षेप रु.२ खर्ब ५९ अर्ब र खुद कर्जा तथा सापट रु. २ खर्ब २९ अर्ब पुगेको छ। आ.व. २०७८/७९ मा बैंकको शेयरधनी कोष रु. ३३ अर्ब ४८ करोड र कुल सम्पत्ति रु. ३ खर्ब २९ अर्ब पुगेको छ ।

बैंकको सफलताको लागि उल्लेखनीय योगदान पुऱ्याउनु हुने सम्पूर्ण निक्षेपकर्ता, कर्जा ग्राहक, शेयरधनी, नेपाल सरकार, कार्यरत कर्मचारी लगायत समग्र सरोकारवालाहरु प्रति बैंक हार्दिक धन्यवाद प्रकट गर्दछ साथै भविष्यमा अझै उत्कृष्ट सेवा प्रदान गर्दै उत्कृष्ट नतिजा हासिल गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

बैंकको हाल सातै प्रदेश, ७७ जिल्लामा २६४ वटा शाखा कार्यालय, २६८ वटा एटिएम र ९९ वटा शाखा रहित बैंकिङ्ग सेवा रहेको छ ।

# सर्वाधिक निक्षेप सुरक्षण गर्ने बैंक बन्यो राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

**काठमाडौं, ५असोज**


निक्षेप तथा कर्जा सुरक्षण कोषको निक्षेप सुरक्षण कार्यक्रममा आबद्ध भएका बैंक तथा वित्तीय संस्थाहरु मध्ये राष्ट्रिय वाणिज्य बैंक लिमिटेड आ.व. २०७८/०७९ मा सर्वाधिक निक्षेप सुरक्षण गरी सबैभन्दा बढी सुरक्षण दस्तुर भुक्तानी गर्ने बैंकको रुपमा सम्मानित भएको छ । नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित कोषको ४९औं वार्षिक उत्सवको अवसरमा बैंकको तर्फबाट बैंकका


निक्षेप तथा कर्जा सुरक्षण कोष
Deposit & Credit Guarantee Fund (DCGF)
(नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित)
टंगाल, काठमाडौं
श्री ४९ वार्षिकोत्सव
कदर-पत्र

यस कोषसँग सम्झौता गरी निक्षेप सुरक्षण कार्यक्रममा आबद्ध भएका विभिन्न बैंक तथा वित्तीय संस्थाहरु मध्ये आ.व. २०७८/७९ मा सर्वाधिक निक्षेप सुरक्षण गरी सबै भन्दा बढी सुरक्षण दस्तुर भुक्तानी गर्ने सदस्य संस्था **श्री राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड** लाई कोषको ४९ औं वार्षिक उत्सवको अवसरमा यो कदर-पत्र प्रदान गरिएको छ ।

श्री रमेश घिमिरे
प्रमुख कार्यकारी अधिकृत
ईति सम्बत् २०७९ असोज ४ गते रोज ३ शुभम्

प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठलाई कदरपत्र एक कार्यक्रमका बीच हस्तान्तरण गरिएको थियो ।



# युवा उद्यमशीलता शिखर सम्मेलनको टाइटल स्पोन्सरमा राष्ट्रिय बाणिज्य बैंक
# नौ बुँदे घोषणा पत्र जारी गर्दै सम्मेलन सम्पन्न

**काठमाडौं, २८ असोज**

"आर्थिक समृद्धीका लागि नवप्रवर्तन र उद्यमशीलता" भन्ने मुल नाराका साथ आयोजित सरकार र निजि क्षेत्रको साझेदारीमा राष्ट्रिय वाणिज्य बैंकको टाइटल स्पोन्सर रहेको नेपाल युवा उद्यमशीलता शिखर सम्मेलन-२०२२ काठमाडौंमा सम्पन्न भएको छ। युवा उद्यमशीलता प्रवर्द्धनका लागि स्टार्टअप निति ल्याउनुपर्ने र युवाहरुको नवर्प्रतनीय सोच माथी लगानी गर्न छुट्टै आइडिया बैंक स्थापना गर्नुपर्ने माग सहित काठमाडौंमा जारी दोस्रो नेपाल युवा उद्यमशीलता शिखर सम्मेलन २०२२ गत असोज २८ गते सम्पन्न भएको हो । बागमती प्रदेश सरकार, नेपाल सरकारको राष्ट्रिय युवा परिषद् र विशाल मिडिया ग्रुपको सयुक्त आयोजना सम्पन्न सम्मेलनले स्टार्टअप इकोसिस्टम निमार्णमा सबै पक्ष जिम्मेवार बन्नुपर्ने, नेपाली उत्पादन र सोचलाई संघीय, प्रदेश र स्थानीय तीनवटै सरकारले प्राथमिकता दिनुपर्ने, स्टार्टअपका लागि परियोजना धितो राखेर लोन दिने व्यवस्था गर्नुपर्ने र यसको प्रक्रिया सर्वसुलभ र झन्झटरहित हुनुपर्ने निष्कर्ष निकालेको छ । सरकारले दिने सहुलियतपुर्ण कर्जा सहि ठाँउमा जानुपर्ने सुझाव पनि दिएको छ ।




सम्मेलनको समुद्घाटन पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गर्नु भएको थियो भने समापन नेपाल उद्योग बाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्र ढकालले गर्नुभएको थियो । राष्ट्रिय बाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले ५७ बर्ष पहिला स्थापना भएको वाणिज्य बैंक युवाहरुलाई उद्यमी बनाउन आवश्यक बिँउ पूँजी, तालीम र यस्ता खाले सम्मेलनमा सधै साथमा रहने प्रतिवद्धता व्यक्त गर्नु भयो । पहिलो शिखर सम्मेलनमा समेत मुख्य प्रायोजक रहेको बताउदैं यो सम्मेलनले देशभरका युवाहरुमा वित्तीय साक्षरता, बैकिङ्ग पँहुच अभिबृद्धि र बलियो राष्ट्रियस्तरको सञ्जाल स्थापना हुने बिश्वास व्यक्त गर्नुभयो । सम्मेलन मुल आयोजक समितिका संयोजक विशाल गैरेले बैंक, वित्तीय संस्था, प्राइभेट इक्विटी, भेञ्चर क्यापिटल र विभिन्न प्राइभेट मार्फत नेपालमा युवा उद्यमशीलता प्रवर्द्धन हुँदै गएको सर्न्दभ उल्लेख गर्दै आगामी दिन नेपालको युवा उद्यमका लागि सकारात्मक रहेको निष्कर्ष समेत निकालेको जानकारी दिनु भयो । युवा उद्यमका चुनौती र अवसर दुवै भएकोले चुनौतीलाई अवशरमा बदल्न डिजिटलमैत्री उद्यमको परिकल्पनामा राष्ट्रिय युवा परिषद् रहेको परिषद्का उपाध्यक्ष सुरेन्द्र बस्नेतले बताउनु भयो ।

सम्मेलनमा युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराज, पुर्व अर्थमन्त्री सुरेन्द्र पाण्डे, लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशिल भट्ट, प्रधानमन्त्रीका आइटी सल्लाहकार दिपेश बिष्ट, सञ्चार तथा सुचना प्रविधि मन्त्रालयका सचिव डा. बैकुण्ठ अर्याल, युवा तथा खेलकुद मन्त्रालयका सचिव डा. दामोदर रेग्मी, नेपाल दुरसञ्चार प्राधिकरणका कार्यकारी अध्यक्ष पुरुषोत्म खनाल, बरिष्ठ उद्यमी पवन गोल्यान, हरीभक्त शर्मा, भवानी राणालगायतले बिभिन्न सेसनमा आफनो धारणा राख्नु भएको थियो । त्यसैगरी उद्यमी रञ्जीत आचार्य, मौषमी श्रेष्ठ, मनोज ज्ञवाली, प्रविन बस्नेत, डा. नरबहादुर बिष्ट, डा.छिरिङ् लामा, इन्फो डेभलपर्सका प्रमुख कार्यकारी अधिकृत उमेश रघुवंसीलगायतका बक्ताहरुले उद्यमशीलताका अनुभव, धारणा र अहिलेको अवस्थाका सम्वन्धमा युवाहरुसंग अन्तरक्रिया गर्नु भएको थियो ।

युवाहरुको नवीन ज्ञान, सोच, सीप वा प्रविधिको प्रयोग गरेर युवाहरुले पनि बजारको सम्भाब्यता अध्ययन गरेर नयाँ आइडिया ल्याउनुपर्ने सम्मेलनको निष्कर्ष रहेको छ । सम्मेलनमा ५५ जिल्लाका युवा उद्यमी र युवा उद्यमी बन्न चाहने करिव ४०० युवाहरुको सहभागिता रहेको आयोजकले बताएका छन् ।

# राष्ट्रिय वाणिज्य बैंकको Point of Sale (POS) र QR कारोबारमा क्यास ब्याक अफर

**काठमाडौं, ९ असोज**

राष्ट्रिय वाणिज्य बैक लिमिटेडले २०७९ सालको दशै, तिहार, नेपाल सम्वत् ११४३ एवं छठ लगायतका पर्वलाई मध्यनजर गर्दै विद्युतीय कारोबारलाई प्रोत्साहन गर्न Point या Sale (POS) को माध्यमवाट प्रति कारोबार रु.१,०००।- वा सो भन्दा बढीको Card Swipe गर्दा क्यास ब्याक हुने अफर ल्याएको छ । यो योजना आगामी २०७९ असोज १० गते देखि २०७९ कार्तिक १३ गतेसम्म लागू हुने छ । देशभर विभिन्न व्यवसायहरुमा रहेको POS को माध्यमबाट राष्ट्रिय वाणिज्य बैंकको कार्डबाट रा.वा.बैंककै POS मेसिन प्रयोग गरी रकम भुक्तानी गर्दा कारोबारमा क्यास ब्याक हुने छ । यस अन्तर्गत ३ देखी ५ पटकको Card Swipe मा ५% अधिकतम क्यास ब्याक वा रु.५००।-, ६ देखी १० पटकको Card Swipe मा १०% अधिकतम क्यास ब्याक वा रु.७५०।-, ११ देखी १५ पटकको Card Swipe मा १५% अधिकतम क्यास ब्याक वा रु.१,०००।- मध्ये जुन कम हुन्छ सो वराबरको रकम क्यास ब्याक हुने छ ।




यसैगरी, आगामी २०७९ असोज ७ देखि १४ गतेसम्म र २०७९ कार्तिक २ देखि ६ गतेसम्म राष्ट्रिय वाणिज्य बैंकको मोवाईल बैंकिङ्ग प्रयोग गरी QR Code स्क्यान गरी भुक्तानी गर्दा कुल कारोबार रकमको १०% वा रु.१००।- जुन कम हुन्छ सोही रकम क्यास ब्याक हुने छ ।

# बैंक र तीन पालिका बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता



**काठमाडौं, १५ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र गोरखा जिल्लाका तीन पालिका गोरखा नगरपालिका, भीमसेन थापा गाउंपालिका, बारपाक सुलिकोट गांउपालिका बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र गोरखा नगरपालिकाका नगर प्रमुख कृष्णबहादुर राना मगर, भीमसेन थापा गाउंपालिकाका अध्यक्ष लोकप्रसाद बन्जारा र बारपाक सुलिकोट गांउपालिका अध्यक्ष विष्णुप्रसाद भट्टले हस्ताक्षर गर्नुभएको छ ।

सम्झौता पछि पालिकाले आफ्नो क्षेत्र भित्र उद्यम तथा व्यवसाय गर्न चाहने व्यक्तिलाई परामर्श र उद्यमशीलता सम्बन्धी आवश्यक तालिमको व्यवस्थापन गर्ने गरी तालिम प्राप्त व्यक्तिलाई कर्जाको लागि बैंकमा सिफारिस गर्ने छ र सोही उद्यमीहरुलाई बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा अन्तर्गत कर्जा लगानी गर्ने छ । सम्झौताले नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी भएको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५(संशोधन समेत) अर्न्तगत व्यवसाायिक कृषि तथा पशुपन्छी कर्जा कार्यान्वयनमा सहयोग पुऱ्याउने विश्वास लिइएको छ ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सम्झौता बैंकले प्राथमिकताका साथ सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने लक्ष्य लिएको र यसले उद्यमी र बैंकबीचको खाडल हटाउन सहयोग पुग्ने बताउनुभयो । गोरखा नगरपालिकाका नगर प्रमुख कृष्णबहादुर राना मगरले नगरपालिकाले कृषिमा व्यवसायीकरण, पर्यटन र साना उद्योगको प्रवर्द्धनमा लिएको नीति तथा कार्यक्रम लागू गर्न सघाउ पुग्ने बताउनुभयो । भीमसेन थापा गाउंपालिकाका अध्यक्ष लोकप्रसाद बन्जाराले सम्झौताले उद्यमशीलता बढाई गरिबी हटाउन सहयोग पुग्ने बताउनुभयो । बारपाक सुलिकोट गांउपालिका अध्यक्ष विष्णुप्रसाद भट्टले बारपाक २०७२ सालको भुकम्प पिडित क्षेत्र भएकाले पालिका क्षेत्रको आर्थिक पुर्नउद्धारमा सहयोग पुग्ने बताउनुभयो । उक्त कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले बैंकले राज्यले अवलम्बन सहुलियतपूर्ण कर्जा प्रवाहको पृष्ठभूमिको बारेमा प्रकाश पार्नु भएको थियो । कार्यक्रममा संविधानसभा सदस्य कृष्ण धितालले सम्झौता कार्यन्वयनको लागि शुभकामना व्यक्त गर्नुभएको थियो । ब्रान्च अपरेशन विभागका प्रमुख सरोज वस्नेतले कार्यक्रम संचालन गर्नुभएको थियो । उक्त अवसरमा बैंकका उपकार्यकारी अधिकृत विमल डंगोल, पवन रेग्मी, विनयरमण पौडेल, विभागीय प्रमुख राज्य लक्ष्मी खड्गी, पालिकाका पदाधिकारी तथा कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो ।

# बैंक र किङ्स कलेज बीच इन्क्युवेसन कार्यक्रम 'ओथारो' मा सहकार्य गर्ने सम्बन्धमा सम्झौता




**काठमाडौं, ६ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र किङ्गस कलेज बीच उद्यमशीलता विकासका लागि इन्क्युवेसन कार्यक्रम ओथारोमा सहकार्य गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र किङ्गस कलेजका अध्यक्ष नरोत्तम अर्यालले हस्ताक्षर गर्नुभएको छ। सम्झौता पछि ओथारो कार्यक्रम मार्फत किङ्गस कलेजले उद्यम तथा व्यवसाय गर्न चाहने देशभरका युवाहरुबाट व्यवसायीक नवप्रवर्तन योजना माग गरी उत्कृष्ठ योजना छनौट गरी परामर्श र उद्यमशीलता सम्बन्धी आवश्यक तालिमको व्यवस्थापन गर्ने छ ।

तालिम प्राप्त व्यक्तिलाई कर्जाको लागि बैंकमा सिफारिस गर्ने छ र सोही उद्यमीहरुलाई बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा अन्तर्गत कर्जा लगानी गर्ने छ। सम्झौताले नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी भएको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५(संशोधन समेत) अर्न्तगत कर्जा कार्यान्वयनमा सहयोग पुऱ्याउने विश्वास लिइएको छ ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सम्झौता बैंकले उद्यमशीलता बन्न चाहने युवाहरुलाई लक्षित यो कार्यक्रमले देशलाई समृद्धसँग जोड्न सघाउ पुऱ्याउने बताउनुभयो । किङ्गस कलेजका अध्यक्ष नरोत्तम अर्यालले यस्तो सम्झौताले उद्यमशीलता गर्न चाहने युवाहरुलाई व्यवसायी बन्न सहयोग पुग्ने बताउनुभयो । उक्त कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले ब्याज अनुदान सहितको सहुलियतपूर्ण कर्जा प्रवाह र राज्यले अबलम्बन गरेको यस सम्बन्धी नीतिका बारेमा प्रकाश पार्दै सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्नुभएको थियो ।

कृषि तथा सामाजिक बैंकिङ्ग विभागका विभागीय प्रमुख ऋषभ भट्टराईले कार्यक्रम संचालन गर्नुभएको थियो । उक्त अवसरमा बैंकका उपकार्यकारी अधिकृतहरु विमल डंगोल, विनयरमण पौडेल, दुर्गा छत्कुली कँडेल, कलेजका पार्टनरसीप तथा विकास प्रमुख प्रज्वल खड्का, उदगम खड्का लगायतको उपस्थिति रहेको थियो ।

# आरबिबि मर्चेन्ट बैंकिङ्ग लि.को सातौ वार्षिक साधारण सभा सम्पन्न



**काठमाडौं, ३१ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको पूर्ण स्वामित्वमा संचालित सहायक कम्पनी आरबिबि मर्चेन्ट बैंकिङ्ग लिमिटेडको सातौ वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष एवं राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका नायब प्रमुख कार्यकारी देवेन्द्ररमण खनालको अध्यक्षतामा सम्पन्न भएको छ । साधारण सभाले आ.व. २०७८/०७९ मा ७/५० प्रतिशत नगद लाभांश सहित वार्षिक प्रतिवेदन प्रस्ताब पारित गरेको छ ।

साधारण सभामा प्रमुख अतिथि एवं बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले हाल शहरी क्षेत्रमा मात्र सिमित रहेको मर्चेन्ट बैंकिङ्ग सेवालाई ग्रामिण क्षेत्रमा समेत विस्तार गर्ने दीर्घकालिन सोच अनुरुप रणनीति तयार गरी आफ्नो कार्यक्षेत्र विस्तार गर्दै लैजाने र दूरदराजमा रहेका जनताहरुले पनि मर्चेन्ट बैकिङ्ग सेवा लिन सकिने वातावरण बनाउनु पर्ने बताउनुभयो । मर्चेन्ट बैंकिङ्गका प्रमुख कार्यकारी अधिकृत बद्रीप्रसाद प्याकुरेलले हाल २० करोड चुक्तापूँजी रहेको मर्चेन्ट बैंकिङ्गले इस्यु मेनेजमेन्ट, आरटिएस, पोर्टफोलियो मेनेजमेन्ट, अन्डरराइटिङ्ग, डिपोजेटरी पार्टिसिपेन्ट लगायतको सेवा दिई रहेको बताउनुभयो ।

साधारण सभामा आरबिबि मर्चेन्ट बैंकिङ्ग लिमिटेडका सञ्चालकहरु सरस्वती अधिकारी, पवन रेग्मी, दुर्गा कुमारी कंडेल, राजेन्द्रप्रसाद दाहाल, बैंकका उपकार्यकारी अधिकृतहरु देवेशप्रसाद लोहनी, विमल डंगोल, विनयरमण पौडेल, बैंकका कम्पनी सचिव हेमराज खरेल, कम्पनी रजिष्ट्रार कार्यालयकी उपरजिष्ट्रार शेखरबाबु कार्की, महालेखा परीक्षक कार्यालयका कमल सिलवाल, आन्तरीक लेखापरीक्षक सिए एकराज सिग्देल, आरबिबि म्युचल फण्डका लेखापरीक्षक सिए मुना प्रसाद लगायत मर्चेन्ट बैकिङ्गका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।




# बैंक र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच कर्जा सुरक्षण गर्ने सम्बन्धमा सम्झौता




**काठमाडौं, २६ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच लघुवित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण गर्ने सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ र कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले हस्ताक्षर गर्नु भएको थियो । सम्झौतापत्रमा हस्ताक्षर भए सँगै राष्ट्रिय वाणिज्य बैंक लि.ले लघु वित्त तथा विपन्न वर्ग कर्जा अन्तर्गत बिना धितो सामूहिक जमानीमा लगानी गर्ने प्रति व्यक्ति रु. दश लाखसम्म, शैक्षिक प्रमाणपत्र धितो जमानीमा लगानी गर्ने प्रति व्यक्ति रु.सात लाखसम्म, धितो जमानीमा लगानी गर्ने प्रति व्यक्ति रु. बीस लाखसम्म, वैदेशिक रोजगारबाट सीपमूलक तालिम लिई फर्केका युवा तथा दलित समुदायका व्यक्तिलाई सामूहिक जमानी वा परियोजना धितो अन्तर्गत लगानी गर्ने प्रति व्यक्ति रु. दश लाखसम्म र कोषको पूर्व सहमति लिई महिलाद्वारा सञ्चालित लघु उद्यम परियोजना अन्तर्गत परियोजना धितो राखी वा व्यक्तिगत वा सामूहिक जमानीमा लगानी गर्ने रु. पन्ध्र लाखसम्मको कर्जा कोषले सुरक्षण गर्नेछ ।

यस प्रकार सुरक्षण हुने कर्जाको सुरक्षण शुल्क बार्षिक ०.८ प्रतिशत रहेकोमा ५० प्रतिशत नेपाल सरकारले अनुदान वापत व्यहोर्ने र बाँकी ५० प्रतिशत बैंकले कोषमा बुझाउनेछ ।

कोषमा सुरक्षित कर्जा लिने ऋणीको मृत्यु भएमा वा प्राकृतिक प्रकोपबाट परियोजना नष्ट भएमा वा अन्य विभिन्न कारणबाट कर्जा असूली हुन नसकेमा बैंकले दाबी गर्न सक्ने र उक्त दाबीमा कोषले ठछ प्रतिशत भुक्तानी गर्नेछ । कार्यक्रममा कोषका नायब प्रमुख कार्यकारी अधिकृत उषा पौडेल लगायत विभागीय प्रमुखहरु र बैंकका कृषि तथा सामाजिक बैंकिङ्ग विभागको विभागीय प्रमुख ऋषभ भट्टराई लगायतका अधिकारीहरुको उपस्थिति रहेको थियो ।

मानव संशाधन

# बढुवा

**काठमाडौं, ३१ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले पदपूर्ति समितिको निर्णयअनुसार वरिष्ठ सहायक(तह ५) देखि मुख्य प्रबन्धक (तह १०) सम्मको आन्तरीक प्रतियोगितात्मक लिखित परीक्षामा सफल भई अन्तरवार्तामा सम्मिलित उम्मेदवारहरुको लिखित परीक्षा र अन्तरवार्ताको प्राप्ताङ्को आधारमा विभिन्न संख्यामा बढुवाको लागि सिफारिस सम्बन्धी सूचना निकालेको छ।

# मिति २०७९।04।1 देखि २०७९।0६।31 गते सम्म भएका सरुवा तथा पदस्थापन विवरण

| क.सं. | कर्मचारीको नाम | क.न. | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद |
|---|---|---|---|---|---|
| १ | श्री हेमन्त राज न्यौपाने | १२६५४ | जुम्ला | प्रस्ता.शा.का.मुसिकोट | शाखा प्रबन्धक |
| २ | श्री लक्ष्मी गुप्ता | १२९८८ | दुनै | प्रस्ता.शा.का.मुसिकोट | नगद सहायक |
| ३ | श्री हेमन्त सुवेदी | ११५३१ | बालाजु | प्रस्ता.शा.का.धुन्चे | शाखा प्रबन्धक |
| ४ | श्री प्रतिभा सिमखडा | १३२३९ | प्रस्ता.शा.का.धुन्चे | प्रस्ता.शा.का.धुन्चे | नगद सहायक |
| ५ | श्री सुर्य बहादुर श्रेष्ठ | १०२८६ | बेलवारी | इटहरी | नगद सहायक |
| ६ | श्री रवि प्रसाद कानु | १२५६५ | बिरगञ्ज | पर्साढाप | शाखा प्रबन्धक |
| ७ | श्री सुशिल कुमार महतो | १२५४३ | पर्साढाप | प्रस्ता.शा.का.मलंगवा | शाखा प्रबन्धक |
| ८ | श्री नितेश कुमार कर्ण | १२८५१ | बरहथवा | प्रस्ता.शा.का.मलंगवा | सहायक |
| ९ | श्री बिनोद भट्टराई | १२१०६ | बसन्तपुर | प्रस्ता.शा.का.तेह्रथुम (म्याग्लुङ्बजार) | शाखा प्रबन्धक |
| १० | श्री मेघराज गिरी | १२४१६ | खाँदवारी | प्रस्ता.शा.का.तेह्रथुम (म्याग्लुङ्बजार) | नगद सहायक |
| ११ | श्री शुशिल कुमार पाल | १२२६४ | गाइघाट (हाल काजमा बरगाछी) | प्रस्ता.शा.का.धुलावारी | शाखा प्रबन्धक |
| १२ | श्री सुनिल श्रेष्ठ | ११७१३ | फिक्कल (हाल काजमा विर्तामोड) | प्रस्ता.शा.का.धुलावारी | नगद सहायक |
| १३ | श्री कमल उपाध्याय | ११५५० | उर्लावारी | प्रस्ता.शा.का.ताप्लेजुङ्ग (फुङलिङ्गबजार) | शाखा प्रबन्धक |
| १४ | श्री राम राजा चौधरी | १२९०४ | देवकोटाचोक | प्रस्ता.शा.का.ताप्लेजुङ्ग (फुङलिङ्गबजार) | नगद सहायक |

युनियन गतिविधि

# नेपाल वित्तीय संस्था कर्मचारी संघको तीज कार्यक्रम




**काठमाडौं, १० भदौ**

नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय महिला विभागको आयोजनामा नेपाली महिलाहरुको महान चाड हरितालिका तीज २०७९को अवसरमा शुभकामना आदन प्रदान तथा दर खाने कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रम नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय महिला विभागकी संयोजक सपना शाहीको सभापतित्व तथा नेपाली कांग्रेसकी केन्द्रीय सदस्य एवं नेपाल महिला संघकी अध्यक्ष उषा मिश्रको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। सो कार्यक्रममा नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि अध्यक्ष ईश्वरबहादुर सिंह, रा.बा.बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ समेतले तीजको शुभकामना व्यक्त गर्नुभएको थियो।

# रा.वा.बैंक कर्मचारी संघको ११औं महाधिवेशन सम्पन्न

## अध्यक्षमा लक्ष्मीप्रसाद पाण्डेय निर्वाचित




**काठमाडौं, २ असोज**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको ११ औं महाधिवेशन गत भदौ ३० र ३१ गते पर्यटकीय नगरी पोखरामा सम्पन्न भएको छ। महाधिवेशनबाट लक्ष्मीप्रसाद पाण्डेयको अध्यक्षतामा आगामी दुई वर्षका लागि ४१ सदस्यीय केन्द्रीय समिति निर्वाचित भएको छ। वरिष्ठ उपाध्यक्षमा बद्रिप्रसाद तिमिल्सिना, उपाध्यक्षहरुमा लक्ष्मी ज्ञवाली, ईश्वर उप्रेती, लूजः श्रेष्ठ र महासचिवमा रबिन्द्रप्रसाद चौलागाईं निर्वाचित हुनु भएको छ। यसैगरी, उपमहासचिवमा श्रवणकुमार सिंह, पेसल नेपाल, सचिवहरुमा कविराज बराल, कृष्णप्रसाद लम्साल, रेनुका न्यौपाने, उषा ढुलाल, शुष्मा ज्ञवाली, कोषाध्यक्षमा ऋषिराम ज्ञवाली र सहकोषाध्यक्षमा लिना यादव तथा बाँकी २६ जना सदस्यहरु निर्वाचित हुनु भएको छ।

संघका का.वा.अध्यक्ष रामप्रसाद जोशीको अध्यक्षतामा सम्पन्न भएको महाधिवेशनको समुद्घाटन नेकपा एमालेका स्थायी समिति सदस्य एवं संगठन विभाग प्रमुख खगराज अधिकारीले गर्नु भएको थियो। उहाले रा.वा. बैंक नेपालको आर्थिक क्षेत्रको महत्वपूर्ण वित्तीय संस्था भएको बताउदै, संस्थालाई सबल बनाउन व्यवस्थापन र ट्रेड युनियनको भूमिका अहम हुने बताउनुभयो। सो कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य एवं पेसागत महासंघ नेपालका संयोजक बाबुराम थापा, बैंक, बीमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ नेपाल (बिफु) का राष्ट्रिय अध्यक्ष धर्मराज मैनाली, पेसागत महासंघ नेपालका सल्लाहकार संयोजक पुण्य ढकाल, बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नेपाल वित्तीय संस्था कर्मचारी संघ रा.वा.बैंकका अध्यक्ष ईश्वर बहादुर सिंह, नेपाल राष्ट्रिय कर्मचारी संगठनका महासचिव उभार पाण्डे, कषि विकास बैंक कर्मचारी संघका अध्यक्ष लिला जि.सी., पूर्व अध्यक्ष हेमराज सुवेदी लगायत पेसागत क्षेत्रका नेताहरुले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। साथै, महाधिवेसनले आगामी दिनका लागि नीति तथा पेसागत क्षेत्रका जल्दाबल्दा विषय सहितका प्रस्ताबहरु समेत पारित गरेको छ।

# संयुक्त शुभकामना आदान प्रदान कार्यक्रम



**काठमाडौं, ३ कात्तिक**

राष्ट्रिय वाणिज्य बैंक भित्र क्रियाशिल तीनवटा ट्रेड युनियनहरुको संयुक्त आयोजनामा २०७९ सालको वडा दशैं, तिहार, नेपाल सम्वत् ११४३, छठपर्व लगायत सम्पूर्ण राष्ट्रिय चाडपर्वहरुको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ। राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेय, नेपाल वित्तीय संस्था कर्मचारी संघ रा.वा.बैंकका अध्यक्ष ईश्वरबहादुर सिंह, नेपाल राष्ट्रिय कर्मचारी संगठन रा.वा. बैंकका उपाध्यक्ष जितेन्द्र राई, तीनवटै ट्रेड युनियनका पदाधिकारी तथा सदस्यहरु, बैंकका नायब प्रमुख कार्यकारी अधिकृतद्वय देवेन्द्ररमण खनाल, सरस्वती अधिकारी, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु, कम्पनी सचिव तथा कर्मचारीहरुको उपस्थितिमा शुभकामना आदान प्रदान तथा चियापान कार्यक्रम आयोजना गरिएको थियो।

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको मिति २०७९।०७।०१ देखि लागू भएको ब्याजदर

**Interest Rates**

| निक्षेप प्रकारहरु (Deposit Products) | प्रस्तावित न्यूनतम मौज्दात (Minimum Balance Requirement) | ब्याजदर प्रतिशत % |
|---|---|---|
| बचत निक्षेप (स्वदेशी मुद्रामा) | | |
| सामान्य बचत | रु.१००० | ७.१३३ |
| रा.बा बैंक बिशेष बचत | रुं.५००० | ९.१३३ |
| रा.बा बैंक सुनौलो बचत | रुं.५००० | ९.१३३ |
| रा.बा बैंक डाएमण्ड बचत खाता | रुं.५००० | ९.१३३ |
| कर्मयोगी बचत खाता | रु.५००० | ९.१३३ |
| महालक्ष्मी बचत खाता | रु.५००० | ९.१३३ |
| छुनामुना बचत खाता | रु.५०० (प्रति महिना न्यूनतम निक्षेप रु.५००) | ९.१३३ |
| शिक्षक बचत खाता | रु.५०० | ९.१३३ |
| नेपाल सरकार पेन्सनर बचत खाता | ० | ९.१३३ |
| रा.बा बैंक पेन्सनर बचत खाता | ० | ९.१३३ |
| सामाजिक सुरक्षा बचत खाता | ० | ९.१३३ |
| शशस्त्र प्रहरी बचत खाता | ० | ९.१३३ |
| प्रहरी बचत खाता | ० | ९.१३३ |
| युनिभर्सीटी पेन्सन बचत खाता | ० | ९.१३३ |
| नेपाल दूरसचार पेन्सनर बचत खाता | ० | ९.१३३ |
| कृषि अनुसन्धान पेन्सनर बचत खाता | ० | ९.१३३ |
| दीर्घायु बचत खाता | रु.१००० | ९.१३३ |
| मुआव्जा बचत खाता | ० | ९.१३३ |
| भुकम्पपिढीत राहत बचत | ० | ९.१३३ |
| रा.बा बैंक कर्मचारी बचत खाता | रु.१०० | ९.१३३ |
| नेपाल आर्मी कर्मचारी बचत खाता | ० | ९.१३३ |
| तलबी बचत खाता | ० | ९.१३३ |
| रा.बा बैंक समृद्धि बचत खाता | रु.१००।०० (रा. बा. बैंकको तर्फबाट जम्मा गरी दिने ) | ९.१३३ |
| छोरी सुरक्षा बचत खाता (कर्णाली) | ० | ९.१३३ |
| रा.बा.बैंक रेमिटान्स बचत खाता | ० | १०.१३३ |
| | | |
| बचत निक्षेप (बिदेशी मुद्रामा) | | |
| अमेरिकी डलर | अमेरिकी डलर USD २०० | ५.०० |
| युरो | युरो EURO २०० | २.५० |
| अन्य मुद्रामा | USD २०० बराबर | २.५० |
| | | |
| मुद्धती निक्षेप (स्वदेशी मुद्रामा) | | |
| साधारण मुद्धती निक्षेप | | |
| ३ महिना देखि ३ वर्षसम्म | रु.५००० | व्यक्तिगत १२.१३३<br>संस्थागत (बोलकबोल समेत) १०.१३३ |
| रा.बा.बैंक बिशेष मुद्धती निक्षेप | | |
| ३ महिर्ना देखि १० वर्षसम्म | रु. १० हजार | व्यक्तिगत १२.१३३<br>संस्थागत (बोलकबोल समेत) १०.१३३ |
| रा.बा.बैंक रेमिटान्स मुद्धती निक्षेप (३ महिना देखि ३ वर्षसम्म) | रु. १० हजार | १३.१३३ |
| रा.बा बैंक मुद्धती निक्षेप (राष्ट्रिय गौरब आयोजना प्रभावितहरुका लागि मात्र) ३ महिना देखि २ वर्षसम्म | रु.५००० | १२.१३३ |
| कर्मचारी बिमा/खजान्ची जमानत | | १२.१३३ |
| रा.बा.बैंक अक्षयकोष मुद्धती निक्षेप (न्युनतम १ वर्ष) | रु. ५० हजार | आपसी समझदारी |
| नेपाल आर्मी मुद्धती निक्षेप | आपसी समझदारी | आधारदर बराबर |
| रा.बा.बैंक रिकरिङ्ग मुद्धती निक्षेप (१ देखि ५ वर्ष सम्म) | १००० | १२.१३३ |
| रा.बा.बैंक रिकरिङ्ग मुद्धती निक्षेप (६ देखि १० वर्ष सम्म) | १००० | १२.१३३ |
| फूल डवल मुद्दती खाता ( ६ बर्ष १६ दिन) | १,००,००० | |
| मुद्धती निक्षेप (बिदेशी मुद्रामा) | | |
| ३ महिना र सो भन्दा बढी समयका लागि | | |
| अमेरिकी डलर | | ६.५० |
| युरो | | ४.०० |
| अन्य मुद्रामा | | ४.०० |
| चल्ती निक्षेप (बिदेशी मुद्रामा) | | |
| अमेरिकी डलर | USD ५०० | |
| युरो | EURO ५०० | |
| अन्य मुद्रामा | USD ५०० बराबर | |
| कल निक्षेप (स्वदेशी मुद्रामा) | आपसी समझदारीमा | ३.५६६ |
| कल निक्षेप (बिदेशी मुद्रामा) | | |
| अमेरिकी डलर | | २.५० |
| युरो | | १.२५ |
| अन्य मुद्रामा | | १.२५ |
| चल्ती निक्षेप (स्वदेशी मुद्रामा) | | |
| बैंक तथा बित्तीय संस्थाहरु | | |
| वाणिज्य बैंकहरु | रु.१० लाख/ नोटकोष प्रयोजनकोलागी नोटकोष भएको शाखामा शुन्य मौजदातमा खाता खोल्ने | |
| बिकास बैंकहरु | रु. ८ लाख | |
| फाइनान्स कम्पनीहरु | रु.६ लाख | |
| लघुबित्तसंग सम्बन्धि बिकास बैंकहरु | रु. ५० हजार | |
| नेपाल बैंक लि. | रु. १० लाख/ नोटकोष प्रयोजनकोलागी नोटकोष भएको शाखामा शुन्य मौजदातमा खाता खोल्ने | |
| कृषि बिकास बैंक लि. | बैंकिग कारोवार गर्ने शाखा रु. ५ लाख बैंकिग कारोवार नगर्ने रु. २ लाख र नोटकोष प्रयोजनको लागी नोटकोष भएको शाखामा शुन्य मौजदातमा खाता खोल्ने | |
| ग्रामिण बिकास बैकहरु | रु.५० हजार | |
| सहकारी संस्था सबै | रु. १० हजार | |
| सबै किसिममा स्कुल तथा कलेजहरु | रु. १००० | |
| अन्य संगठित संस्था/फर्म/कम्पनी आदि सबै | रु.१०००० मुख्य शाखाकार्यालयमा/ रु.३००० अन्य सबै शाखा कार्यालयमा | |

**कर्जा तथा सापट**

| कर्जाका प्रकारहरु (Loan Product) | प्रिमियम दर % (Premium Rate %) |
|---|---|
| चालुपुजी कर्जा | |
| ओभरड्राफट | ३.०० देखि ५.०० |
| हाईपोथिकेशन | ३.०० देखि ५.०० |
| डिमान्ड कर्जा (Demand Loan) | ३.०० देखि ५.०० |
| धितो कर्जा | ३.५० देखि ५.५० |
| आवधिक कर्जा | |
| औद्योगिक | |
| रु. २ करोड सम्म | २.०० |
| रु. २ करोड भन्दा माथि | २.०० देखि ४.०० |
| ब्यापारीक | २.५० देखि ४.५० |
| हाउजिगंर रियल स्टेट | ३.०० देखि ५.०० |
| सून कर्जा | ६.०० |
| सरकारी सूरक्षणपत्रको धितोमा जाने कर्जा | २.०० देखि ३.०० (कुपन दरमा कम नहुने गरि) |
| मुद्दती रसिदको धितोमा जाने कर्जा | कुपन +२.० |
| प्राथमीकता प्राप्त क्षेत्र कर्जा | २.०० देखि ४.०० |
| विपन्न बर्ग कर्जा | |
| ब्यक्तिगत | २.०० |
| संस्थागत | |
| थोक कर्जा | २.०० |
| प्रत्यक्ष कर्जा | २.०० |
| सहुलियत पूर्ण कर्जा | २.०० |
| कृषि कर्जा (सहुलियत बाहेकको) | ३.०० देखि ४.०० |
| टि.आर र आयात कर्जा (USD समेत) | २.५० देखि ४.५० |
| निर्यात कर्जा | १.०० |
| निर्यात पुनरकर्जा | ने.रा.बैंकको निर्देशानुसार |
| हायरपर्चेज कर्जा | ३.५० देखि ५.०० |
| पुनरकर्जा | ३.०० देखि ५.०० |
| निर्माण व्यवसाय कर्जा | ४.०० देखि ५.०० |
| घर कर्जा (अपार्टमेन्ट समेत): | |
| ५ बर्षसम्म | ३.७५ देखि ४.०० |
| १० बर्ष सम्म | ४.०० देखि ४.२५ |
| १५ बर्ष सम्म | ४.२५ देखि ४.५० |
| महालक्ष्मी घर कर्जा (अपार्टमेन्ट समेत): | |
| १० बर्ष सम्म | ४.०० देखि ४.२५ |
| १५ बर्ष सम्म | ४.२५ देखि ४.५० |
| **तपाईको आफ्नै घर कर्जा (Your Own Home Loan)** | |
| ५ बर्षसम्म | ३.५० |
| १० बर्ष सम्म | ३.७५ |
| १५ बर्ष सम्म | ४.०० |
| २० बर्ष सम्म | ४.२५ |
| नेपाली सेना आवास कार्ज | ०.३२ |
| गाडी कर्जा | ५.०० |
| विद्युतीय सवारी साधन कर्जा | ३.०० देखि ४.०० |
| पेन्सनर कर्जा | ४.०० |
| पेशाकर्मी कर्जा | २.०० देखि ५.०० |
| शिक्षक कर्जा | ३.५० देखि ५.०० |
| राष्ट्रसेवक कर्जा | ३.५० देखि ५.०० |
| शैक्षिक कर्जा | ३.५० देखि ५.०० |
| शेयरको धितोमा जाने कर्जा | ४.०० देखि ६.०० |
| मोर्टगेज कर्जा (Mortgage Loan) | ४.०० देखि ६.०० |
| ब्यक्तिगत कर्जा | ३.५० देखि ५.०० |
| सहवित्तियकरण कर्जा | सम्झौता अनुसार |

**स्थिर ब्याजदर प्राकृतिक ब्यक्तिको आवधिक कर्जाको लागि मात्र**

| कर्जाका प्रकारहरु (Loan Product) | स्थिर ब्याजदर (%) |
|---|---|
| हायरपर्चेज कर्जा (५ बर्ष) | १३.५० |
| घर कर्जा (अपार्टमेन्ट समेत): : | |
| ५ बर्ष सम्म | १३.०० |
| १० बर्ष सम्म | १४.०० |
| १५ बर्ष सम्म | १५.०० |
| महालक्ष्मी घर कर्जा (अपार्टमेन्ट समेत):: | |
| १० बर्ष सम्म | १३.०० |
| १५ बर्ष सम्म | १४.०० |
| गाडी कर्जा (७ वर्ष सम्म) | १३.५० |
| विद्युतीय सवारी साधन कर्जा (७ वर्ष सम्म) | १३.५० |
| पेन्सनर कर्जा (५ वर्ष सम्म) | १३.५० |
| पेशाकर्मी कर्जा (५ वर्ष सम्म) | १४.५० |
| शिक्षक कर्जा (५ वर्ष सम्म) | १४.५० |
| राष्ट्रसेवक कर्जा (५ वर्ष सम्म) | १४.५० |
| शैक्षिक कर्जा (५ वर्ष सम्म) | १४.५० |
| मोर्टगेज कर्जा (Mortgage Loan) | |
| ५ बर्ष सम्म | १५.५० |
| ब्यक्तिगत कर्जा | |
| ५ बर्ष सम्म | १४.०० |
| १० बर्ष सम्म | १५.०० |

**स्थिर ब्याजदर (संस्थागत आवधिक कर्जाको लागि मात्र)**

| कर्जाका प्रकारहरु (Loan Products) | ५ देखि १० वर्ष सम्म | १० वर्ष भन्दा बढि अवधिको |
|---|---|---|
| औद्योगिक | १३.५० | १४.५० |
| ब्यापारीक | १४.०० | १५.०० |
| हाउजिगंर रियल स्टेट | १४.५० | १५.५० |
| प्राथमीकता प्राप्त क्षेत्र कर्जा | १३.५० | १४.५० |
| कृषि कर्जा (सहुलियत बाहेकको) | १३.५० | १४.५० |
| हायरपर्चेज कर्जा | १४.५० | १५.५० |
| गाडी कर्जा | १४.५० | १५.५० |
| मोर्टगेज कर्जा (Mortgage Loan) | १४.५० | १५.५० |
| | | |

नोटः १

सवै प्रकारको मुद्दती निक्षेपमा आपसी सहमतीमा मासिक वा त्रैमासिक रुपमा व्याज भुक्तानी गरिनेछ ।

उपभोक्ता समितिको चल्ती खाता शून्य मौज्दातमा खोल्न सकिने छ ।

विदेशी मुद्रमा लिइने निक्षेप (बचत तथा मुद्दती) रेमिटान्स मार्फत प्राप्त भएमा प्रकाशित ब्याजदरमा १% थप गरिनेछ ।

पहिलो त्रैमासको औषत आधार दर (Base Rate) २०७९ कात्तिक १ गते बैंकको वेबसाइटमा अद्यावधिक गरिनेछ, २०७९ भदौ महिनाको आधारदर ८.२० र व्याजदर अन्तर (Spread Rate) ४.२६% ।

बैंक जमानत दावी भुक्तानीमा तत्काल लागु रहेको अधिकतम ब्याजदर लाग्नेछ ।

आधार दरमा उल्लेखित प्रिमियम दर जोडेर कर्जाको ब्याजदर कायम गरिनेछ ।

त्रैमासिक रुपमा आधार दर परिर्वतन भए अनुसार कर्जाको ब्याजदर पनि परिवर्तन हुनेछ ।

भाखा नाघेका ऋणीहरुको हकमा कर्जाको प्रकाशित अधिकतम व्याजदर वा साविक व्याजदरमा जुन वढि हुन्छ सो लागु हुनेछ ।

नोटः २ **Only for Internal Circulation**

१. अक्षयकोष मुद्दती निक्षेपको न्यूनतम ब्याजदर १२.१३% हुनेछ ।

२.रिकरिङ्ग मुद्दती निक्षेपमा आवधिक (मासिक/त्रैमासिक) रुपमा भुक्तानी हुने ब्याज, ग्राहकको माग बमोजिम साँवामा compounding गर्न सकिनेछ । रिकरिङ्ग मुद्दती निक्षेपमा शुरुमा प्रदान गरिएको ब्याजदर मुद्दती निक्षेपको अवधिभर (१ वर्षदेखि १० वर्षसम्म) यथावत रहने छ । ग्राहकको माग बमोजिम मासिक रु ५०० नघट्ने गरि रकरिङ्ग रकम घटाउन वा बढाउँन सकिनेछ । साथै रिकरिङ्ग अवधि (नियमित रकम जम्मा गर्ने अवधि) मासिक रुपमा नबढ्ने गरि ग्राहकको माग बमोजिम तोक्न सकिनेछ । Compounded रकम वा रिकरिङ्ग रकम मुद्दती निक्षेपको अवधिको अन्तमा मात्र एकमुष्ट भुक्तानी गरिनेछ ।

# Customer Due Deligence सम्बन्धी तालिम सम्पन्न




**काठमाडौं, ९ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना र कम्प्लायन्स विभागको समन्वयमा वागमती प्रादेशिक कार्यालय मातहतका ४१ जना शाखा सहायक प्रबन्धकहरु सम्मिलित तालिम Customer Due Delligence & Preparation for Upcoming Mutual Evaluation सम्बन्धी विषयमा काभ्रेको धुलिखेलमा प्रदान गरिएको छ ।

गत असोज ८ र ९ गते आयोजना गरिएको तालिममा प्रशिक्षकहरु उपकार्यकारी अधिकृतहरु देवेश प्रसाल लोहनी, दुर्गा छत्कुली कँडेल, विभागीय प्रमुख कृष्ण साह, प्रबन्धकहरु दनेश कुमार राई, ज्योती भट्ट, भागिरथी मल्ल, प्रमोद भुर्जी, उपप्रबन्धक प्रतिभा पन्तले पूर्व मुल्याङ्कन, बैंकमा कम्प्लायन्सको महत्व, AML/CFT कार्यन्वयन तथा नियन्त्रण कार्यक्रम, ग्राहक स्क्रीनिंग, जोखिममा आधारित CDD, High Value Wire Transfers, कारोबार अनुगनम तथ रिपोटिङ्ग, कानूनी व्यवस्थाहरु, TTR, STR, SAR, मुल्याङ्कन सम्बन्धित विषयमा विषयगत प्रशिक्षण दिनुभएको थियो ।

# आधारभूत कर्जा तथा सामाजिक सुरक्षा सुविधा सम्बन्धी तालिम सम्पन्न

**काठमाडौं, २७ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना र कर्जा विभागको समन्वयमा आभारभूत कर्जा लगानी, साख सुचना तथा सामाजिक सुरक्षा सुविधा वितरण सम्बन्धी तालिम विभिन्न स्थानमा सम्पन्न भएको छ ।


१ नम्बर र मधेस प्रादेशिक कार्यालय मातहतका शाखा कार्यालयमा कार्यरत ३० जना कर्जा इन्चार्ज सम्मिलित तालिम विर्तामोडमा गत भदौ १६ देखि १८ गतेसम्म, वागमती र गण्डकी प्रादेशिक कार्यालय मातहतका शाखा कार्यालयमा कार्यरत ३३ जना कर्जा इन्चार्ज सम्मिलित तालिम धुलिखेलमा गत भदौ २० देखि २२ गतेसम्म, लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रादेशिक कार्यालय मातहतका शाखा कार्यालयमा कार्यरत २६ जना कर्जा इन्चार्ज सम्मिलित तालिम नेपालगंजमा गत भदौ २३ देखि २५ गतेसम्म र वागमती, गण्डकी र लुम्बिनी प्रादेशिक कार्यालय मातहतका बाँकी शाखा कार्यालयमा कार्यरत ३० जना कर्जा इन्चार्ज सम्मिलित तालिम सौराहमा गत भदौ २५ देखि २७ गतेसम्म सम्पन्न भएका छन् । कर्जा लगानी सम्बन्धी जानकारी, कर्जाका प्रोडक्टस्, कर्जाका कार्यविधिहरु, आम्दानी विश्लेषण, क्रेडिटकार्ड डकुमेन्टेसन, गैर कोषमा आधारित कर्जा लगानी गर्दा अपनाउने प्रक्रिया, कार्यविधिहरु, वित्तीय विश्लेषण, कृषि कर्जा सम्बन्धी, सहुलियतपूर्ण कर्जा लगानी गर्दा अपनाउने प्राविधिक पक्ष, धितो सुरक्षण सम्बन्धी प्राविधिक पक्ष, सिडिटी, कर्जा तथा धितो सुरक्षणका कानूनी पक्ष, विभिन्न कर्जा समिति सम्बन्धी, साख सुचना सम्बन्धी तथा बैंकले भुक्तानी गर्ने गरेको सामाजिक सुरक्षा सुविधहरु सम्बन्धी विषयमा सैद्धान्तिक तथा व्यवहारगत प्रशिक्षण प्रदान गरिएको थियो ।

प्रशिक्षकहरु उपकार्यकारी अधिकृत दुर्गा छत्कुली कँडेल, विभागीय प्रमुखहरु राज्य लक्ष्मी खड्गी, ब्रजमोहन अधिकारी, प्रादेशिक प्रबन्धकहरु दिपकरमज न्यौपाने, ध्रुव अर्याल, दिनेश गौतम, शिवप्रसाद चालिसे, वालकुमार थापा, हरिबाबु आचार्य, रमेश सुवाल, शेखर शर्मा, सुवास घिमिरे, उज्जवल ढकाल, ऋषिभुषण चौधरी लगायत विभिन्न विभागका कर्मचारीहरुले विषयगत प्रशिक्षण दिनुभएको थियो ।

# विभिन्न पत्रपत्रिकामा राष्ट्रिय वाणिज्य बैंक...



बढ्यो रावा बैङ्कको खुद मुनाफा



**७७ जिल्लामै राष्ट्रिय वाणिज्य बैंकका शाखा**

काठमाडौं (कास)- राष्ट्रिय वाणिज्य बैंकले मुलुकका सबै ७७ वटै जिल्लामा सेवा विस्तार गरेको छ । सर्लाहीको मलंगवा नगरपालिका-९ मा शाखा कार्यालय विस्तार गरी सोमबारबाट कारोबार थालेसँगै बैंकको सेवा मुलुकभर पुगेको हो । बैंकका मुलुकभर २६४ वटा शाखा कार्यालय, २६८ वटा एटीएम सेवा सञ्चालनमा छन् । नेपाल सरकारको पूर्ण स्वामित्व रहेको बैंकले आव ०७८/७९ को चौथो त्रैमाससम्ममा ५ अर्ब २१ करोड खुद मुनाफा आर्जन गरेको छ । गत असार मसान्तसम्ममा बैंकको ग्राहक निक्षेप २ खर्ब ५९ अर्ब र खुद कर्जा तथा सापटी २ खर्ब २९ अर्ब रुपैयाँ बराबर पुगेको छ । बैंकको सेयरधनी कोष ३३ अर्ब ४८ करोड र कुल सम्पत्ति ३ खर्ब २९ अर्ब पुगेको छ ।



राष्ट्रिय वाणिज्य बैंकको निक्षेप सुरक्षण सर्वाधिक




राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

वर्ष ३० अंक १ साउन – असोज २०७९ Year 30 Vol 1 Aug. 2022 - Oct. 2022

# पश्चिम रूकुमको मुसिकोटमा राष्ट्रिय वाणिज्य बैंकको शाखाको समुद्‌घाटन



**काठमाडौं, १२ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले पश्चिम रुकुम जिल्लाको मुसिकोट न.पा.वडा न.१ स्थित २६२औं शाखा कार्यालय मुसिकोट विस्तार गरी कारोबार शुभारम्भ गरेको छ। बैंक सञ्चालक समितिका सदस्य दिलिपकुमार ढुङ्गाना र प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले ताम्रपत्र अनावरण र रिबन काटेर संयुक्त रुपमा उक्त शाखाको समुदघाट्न गर्नुभएको छ।

उक्त अवसरमा बैंक सञ्चालक समितिका सदस्य दिलिपकुमार ढुङ्गानाले नेपाल सरकारको स्थानीय तहमा बैंकिङ्ग पहुंच पुर्‍याउने उद्धेश्य अनुरुप सरकारी बैंक राष्ट्रिय वाणिज्य बैंकले शाखा विस्तार गरेको बताउँदै पालिकाको समग्र विकासमा बैंकको महत्वपूर्ण भूमिका हुने बताउनुभयो। बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकले ७७ वटै जिल्ला सदरमुकाममा प्राथमिकताका साथ शाखा स्थापना गर्ने योजना बमोजिम शाखा विस्तार गरी आम नागरिकमा वित्तीय पहुँच विस्तार गरिरहेको बताउनुभयो। सो समारोहमा प्रभातफेरी कार्यक्रम गरी नगरपरिक्रमा गरिएको थियो।

बैंकको कर्णाली प्रदेशिक कार्यालयका उपप्रमुखको केसबराज खनालको सभापितत्वमा सम्पन्न भएको कार्यक्रममा पूर्व प्रदेश मन्त्री एवं सांसद माननीय गोपाल प्रसाद शर्मा, प्रदेश सांसद माननीय देवी ओली, आठबिसकोट नगरपालिकाका प्रमुख रबि के.सी.,मुसिकोट नगरपालिकाका प्रमुख महेन्द्र के.सी., त्रिवेणी गाउँपालिका अध्यक्ष गणेशकुमार के.सी., सानीभेरी गाउँपालिकाका अध्यक्ष बिर्ख बहादुर बिष्ट, पश्चिम रुकुम जिल्लाका प्रमुख जिल्ला अधिकारी परमानन्द घिमिरे, मुसिकोट उद्योग वाणिज्य संघका अध्यक्ष पल बहादुर खड्का, राजनीतिक दलका स्थानीय प्रतिनिधिहरु, समाजसेवीहरु, उद्योगी व्यवसायीहरु, नेपाली सेना, नेपाल प्रहरी, अन्य स्थानीय संघसस्थाका प्रतिनिधिहरु, बैंकका प्रबन्धक जितेन्द्रसिंह थापा, शाखा प्रबन्धक मुन बहादुर बुढा, कर्मचारीहरु लगायत सर्वसाधारणहरुको उपस्थिति रहेको थियो।

# बैंकद्वारा विजया दशमीको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम आयोजना




**काठमाडौं, १२ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडद्धारा २०७९ सालको विजया दशमीको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रमको आयोजना गरिएको छ। बैंकसँग लामो समयदेखि कारोबार गरिरहेका सरकारी एवं सार्वजनिक संस्थाका प्रमुख एवं प्रतिनिधिहरुको कार्यक्रममा उपस्थिति रहेको थियो। कार्यक्रममा बैंक सञ्चालक समितिका अध्यक्ष डा.बलराम पाठकले सरकारी क्षेत्रको संरक्षणबाट सरकारी नीति नियम पालना गर्ने दायित्व पूरा हुने हुँदा वित्तीय स्थायीत्व कायम गर्न सहयोग पुग्ने बताउनुभयो। बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले राष्ट्रिय वाणिज्य बैंक ग्राहकहरुलाई हरहिसाबले उच्च स्तरको बैंकिङ्ग सेवा दिन तत्पर रहे को बताउनुभयो। कर्यक्रममा बैंक सञ्चालक समितिका सदस्यहरु, बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरु उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुख, बैंकभित्र क्रियाशिल ट्रेड युनियनका अध्यक्षहरुको उपस्थिति ररेको थियो।

## समवेदना

यस बैंकका शा.का. लेकसाइडमा कार्यरत सहायक भीमबहालुर थापा (१०३३९), शा.का. भैरहवामा कार्यरत बरिष्ठ सहायक भक्त श्रेष्ठ (१०८११) की आमा चमेलीदेबी श्रेष्ठ, शा.का. लहानमा कार्यरत बरिष्ठ सहायक विभाकुमारी शाह (११६७१) की सासु आमा राम सुनार वन्ति साहुनी, शा.का. गुलरीयामा कार्यरत बरिष्ठ सहायक भीमप्रकाश मल्ल (१०८६१) की आमा देवकी मल्ल, शा.का. भोटाहिटीमा कार्यरत सुरक्षगार्ड गोपाल कार्की (११४३७) की आमा हर्कमाया कार्की, के.का. प्रमुख कार्यकारी अधिकृतको कार्यालयमा कार्यरत सहायक प्रबन्धक मुरारी अधिकारी (१०९८५) की आमा सोमकुमारी अधिकारी, के.का.सूचना प्रविधि विभागमा कार्यरत प्रबन्धक अर्जुनप्रसाद दाहाल (११०९४) का पिता डण्डपाणी दाहाल, शा.का. वेलवारीमा कार्यरत सुरक्षा गार्ड रत्नबहादुर घिसिङ्ग (११२९४) का पिता रामबहादुर घिसिङ्गको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

राष्ट्रिय वाणिज्य बैंक लि. परिवार

Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Debesh Prasad Lohani, DEO & Information Officer.
Assistant Editor: Ishwar Upreti
Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423, E-mail: rbbnl@rbb.com.np
Printed at: Adarsha Chapakhana, Bhaktapur